माडी गाउँपालिका

# महिला विकास समिति गठन तथा परिचालन कार्यविधि ,२०७८

माडी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय घर्तिगाउँ रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

## माडी गाउँपालिकाको महिला विकास समिति गठन तथा परिचालन कार्यविधि २०७८

गाउँ कार्यपालिकाबाट पारित मिति :२०७८/०९/२५

विपन्न र विभेदित ग्रामिण महिलाहरुको विशेष अवस्थालाई ध्यानमा राखेर विकासका आम अवसरमा पहुँच स्थापना गर्ने नेपालको संविधानको प्रस्तावना र भावना अनुकूल महिलाको हित प्रवर्धन गर्न,महिलाको सामाजिक तथा आर्थिक विकास,महिलाको आयआर्जनमा वृद्धि गर्न, महिलाको हक हितको रक्षा गर्न र समग्र महिलाहरुको जीवनमा परिवर्तन ल्याई समतामुलक समाजको निर्माण गर्न एक टोल विकास संस्था, एक महिला विकास समिति गठन गरी स्थानीय सरकार संचालन ऐन ,२०७४ को परिच्छेद ३ को दफा १२ उपदफा ३० ,३२ र परिच्छेद ६ दफा २४ उपदफा ३ च छ ले दिएको अधिकार प्रयोग गरी स्थानीय सेवाको अधिकतम उपयोग गर्न माडी गाउँपालिकाले यो कार्यविधि निर्माण गरेको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भ :**

(क) यो कार्यविधिको नाम “माडी गाउँपालिकाको महिला विकास समिति गठन तथा परिचालन कार्यविधि, २०७७” रहेको छ ।

(ख) यो कार्यविधि माडी गाउँ कार्यपालिकाबाट स्वीकृत भए पछि प्रारम्भ हुनेछ ।

**२.परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) “गाउँपालिका ” भन्नाले माडी गाउँपालिका सम्झनु पर्नेछ ।

(ख) “शाखा” भन्नाले महिला तथा बालबालिका शाखा सम्झनु पर्नेछ ।

(ग) “महिला” भन्नाले माडी गाउँपालिका भित्रका २० वर्ष उमेर पूरा भएका ७० वर्ष ननाघेका महिलालाई सम्झनु पर्नेछ ।

(घ) “समिति” भन्नाले टोल विकास संस्था अन्तर्गत रहि गठन भएका वा साविकका समितिलाई सम्झिनुपर्नेछ ।

(ङ) “सञ्जाल” भन्नाले प्रत्येक वडा र गाउँपालिकामा गठन भएका महिला सञ्जाललाई सम्झिनुपर्नेछ ।

Scanned with CamScanner

**३.उद्देश्य:**कार्यविधिको मुख्य उद्देश्य देहाय बमोजिम रहनेछन् ।

(क) विभिन्न निकायबाट प्रवाह गरिने सेवामा महिलाको पहुँच अभिवृद्धि गर्ने ,

(ख) महिलाहरुलाई आफ्ना हक हित र अधिकारका विषयमा जागरुक गराउने ,

(ग) विभिन्न निकायबाट सञ्चालन हुने विकास क्रियाकलापमा महिलाको सहभागिता सुनिश्चित गर्ने ,

(घ) निर्णय प्रक्रियामा महिलालाई समान अवसर र अधिकार प्रदान गर्ने ,

(ङ) सामाजिक विकृति ,विसङ्गति,कुरीति,अन्धविश्वास, लैंगिक विभेद, सामाजिक अपहेलना विरुद्धमा आवाज उठाउन जागरुक गराउने ,

(च) महिलाको सामाजिक,साँस्कृतिक,आर्थिक,शैक्षिक,लैङ्गिक तथा विविध क्षेत्रमा हुने कमजोर उपस्थितिलाई पुरुषसरह पहुँच योग्य बनाई समतामुलक समाजको निर्माणमा सहयोग पुऱ्याउन,

(छ) महिला अधिकारमैत्री गाउँपालिकाको रुपमा पहिचान स्थापित गर्ने ,

(ज) महिलामैत्री लक्षित कार्यक्रम तय गर्ने ।

**४. टोल स्तरीय महिला विकास समिति गठन**

(क) प्रत्येक टोल विकास संस्थामा महिला मात्र रहने गरी सात देखि एघार सदस्य सहितको एक महिला विकास समिति गठन हुनेछ । महिला विकास समितिको नाम समितिको निर्णयानुसार राख्न सक्नेछ ।

(ख) उपदफा (क) बमोजिम गठन हुने समितिमा टोल विकास संस्थाका पदाधिकारी ,वडाका जनप्रतिनिधि तथा टोलबासीहरुको भेलाबाट एक जना अध्यक्ष ,उपाध्यक्ष , एक जना सचिव , एक जना कोषाध्यक्षको छनौट गर्नुपर्ने छ र बाँकी सबै टोलका महिलाहरु उक्त समितिको सदस्यको रुपमा रहनेछन्।

(ग) उपदफा (ख) बमोजिम गठन हुने समितिको पदाअवधि २ वर्षको हुनेछ ।साविक वडामा महिला मात्रको एउटा टोल विकास समिति रहनेछ ।

(घ) महिला विकास समितिले महिनामा कम्तीमा एक पटक बैठक बसी आफ्ना समस्या र समाधानका उपायका बारेमा सोच्ने र सल्लाह गर्ने / गर्नुपर्नेछ ।

(ङ) प्रत्येक टोल विकास संस्थामा एक भन्दा बढी महिला विकास समिति रहने छैनन्।

(च) यस अघि गठन भएका वा आवश्यकता अनुसार पुन गठन गर्नुपर्ने महिला विकास समितिहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

Scanned with CamScanner

**५.टोल स्तरीय महिला विकास समितिको काम ,कर्तव्य**

(क) सरकारी तथा गैरसरकारी संस्थाहरुसँगको सुमधुर सम्वन्ध स्थापित गरी महिला विकास समितिको उत्थानमा सहजीकरण गर्ने ,

(ख) गाउँपालिका तथा वडाबाट सञ्चालित योजनामा सक्रिय सहभागिता जनाउने,

(ग) अन्धविश्वास, कुरीति,कुप्रथा,बालविवाह, बहुविवाह जस्ता सामाजिक समस्या,विकृति,विसङ्गतिको पहिचान गरी सुधारका प्रयासहरु गर्ने ,

(घ) धुम्रपान तथा मद्यपान निषेध गर्ने, जुवातास,कौडा लगायतका खेलकुदहरु बन्द गरी नमुना गाउँको रुपमा स्थापित गर्दै लैजाने,

(ङ) टोलमा महिलो सचेतनामुलक कार्यक्रम सञ्चालन गरी सभ्य,सुसंस्कृत टोल समाज निर्माणमा सक्रिय भूमिक निर्वाह गर्ने,

(च) समानतामा आधारित पहुँच ,समतामुलक समाज निर्माणमा जोड दिई महिला अधिकारका विषयहरु प्रति सचेत भूमिका निर्वाह गर्ने ,

(छ) होमस्टेको सुरुवात गरी आफ्नो रितिरिवाज,संस्कृतिको प्रदर्शन मार्फत आन्तरिक तथा बाह्य पर्यटन प्रवर्धनमा सहयोग पुऱ्याउने ।

**६.निगरानी समूह :**

प्रत्येक महिला विकास समिति अन्तर्गत एक लैंगिक हिंसा निगरानी समूह हुनेछ । समूहले टोलमा हुने लैगिक हिंसाका घटनाहरुलाई निगरानी गर्न महिला विकास समितिलाई सहयोग गर्नेछ ।

**७.वडा स्तरीय महिला सञ्जाल गठन**

(क) वडाभित्र प्रत्येक टोल विकास संस्थाका महिला विकास समितिको अध्यक्ष रहेको एक वडा स्तरीय महिला सञ्जाल रहनेछ ।

(ख) उपदफा (क) बमोजिमको सञ्जालमा सहमतीका आधारमा अध्यक्ष,सचिव तथा सदस्यहरु रहनेछन्।

**८.वडा स्तरीय महिला सञ्जालको काम,कर्तव्य**

(क) महिलाका सवालहरुका विषयमा वडासमितिलाई आवश्यक सुझाव सल्लाह प्रदान गर्ने ,

(ख) महिला हित हुने खालका कार्यक्रम तथा योजनाहरु माग गर्ने तथा विकास निर्माणम वडा समितिप्रति समन्वयकारी,सहजकारी भूमिका निर्वाह गर्नेछन्,

(ग) वडाका प्रत्येक टोलहरुमा रहेका सवालहरु,विकृति तथा विसंगतीका विषयहरुमा घनिभूत छलफल गरी निराकरणका लागि वडा समक्ष सुझाव तथा सल्लाह दिने,

Scanned with CamScanner

(घ) टोलमा हुने कुनै पनि प्रकारको अपराधिक घटनाका विषयमा सत्य तथ्य सहित वडा तथा सम्वन्धित निकायमा जानकारी गराउने,

(ङ) सभ्य,सुसंस्कृत तथा नमुना टोल निर्माणका लागि उपाय खोज गरी लागु गर्ने।

च. लैंगिक हिंसा तथा घरेलु हिंसा न्युनकिरण गर्न सहयोग गर्ने।

**१०.गाउँपालिका स्तरीय महिला सञ्जाल गठन**

महिलाको आर्थिक ,सामाजिक, लैङ्गिक ,साँस्कृतिक ,मनोवैज्ञानिक एवं समग्र क्षेत्रमा समन्वयकारी भूमिका निर्वाह गर्न एक गाउँपालिका स्तरीय महिला सञ्जाल गठन हुनेछ। जसमा देहाय बमोजिमका पदाधिकारीहरु रहनेछन् :

| | | |
|---|---|---|
| (क) | गाउँकार्यपालिका अध्यक्षले तोकेको कार्यपालिका महिला सदस्य मध्ये एक जना | – अध्यक्ष |
| (ख) | वडा स्तरीय महिला सञ्जालका अध्यक्ष | – सदस्य |
| (ग) | स्थानीय महिला सहकारी संस्थाको प्रतिनिधिएक जना | – सदस्य |
| (घ) | माध्यामिक तहका महिला शिक्षक एक जना | – सदस्य |
| (ङ) | गैरसरकारी संस्थाका महिला प्रतिनिधि एक जना | – सदस्य |
| (च) | महिला बालबालिका तथा सामाजिक विकास शाखा प्रमुख | – सदस्य सचिव |

**११.गाउँपालिका स्तरीय महिला सञ्जालको काम कर्तव्य**

(क) महिला अधिकार,महिलाका विविध सवालहरुका विषयमा उचित नीति तथा रणनीति तय गर्न गाउँपालिकालाई सुझाव तथा सल्लाह दिने,

(ख) नमुना टोल स्तरीय महिला विकास समिति पहिचान गरी पुरस्कृत गर्नका लागि गाउँपालिकालाई सिफारिस गर्ने,

(ग) महिलाहरुमा सचेतना वृद्धि गर्न आवश्यक पर्ने कार्यक्रम तथा योजना तय गरी गाउँपालिकालाई सिफारिस गर्ने,

(घ) महिलालाई सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यको सुनिश्चितता गर्न गाउँपालिकालाई सिफारिस गर्ने,

(ङ) महिला विरुद्ध धार्मिक,सामाजिक, साँस्कृतिक परम्परा,प्रचलन वा कुनै आधारमा शारीरिक मानसिक,यौनजन्य,मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण विरुद्ध आवश्यक पहल गर्ने ,

Scanned with CamScanner

(च) महिला अधिकारमैत्री गाउँपालिका निर्माणमा आवश्यक पहल गर्ने,

(छ) महिलालाई शिक्षा, स्वास्थ्य ,रोजगारी तथा सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्रदान गर्ने पहल गर्ने,

**१२.महिला विकास समिति दर्ता हुनुपर्ने:**

(क) प्रत्येक टोलमा गठन हुने महिला विकास समिति गाउँपालिकामा दर्ता हुनुपर्ने छ ।

(ख) उपदफा (क) बमोजिम दर्ता हुनको लागि महिला विकास समितिले वडाको सिफारिस सहित पेश गर्ने निवेदनको ढाँचा अंनुसूची -१ बमोजिम हुनेछ ।

(ग) महिला विकास समितिबाट निर्णय भई दर्ताको लागि निवेदन पेश गरेमा गाउापालिकाले अनुसूची -२ बमोजिम महिला विकास समिति दर्ता प्रमाणपत्र प्रदान गर्नेछ ।

(घ) कुनै महिला विकास समितिले यस कार्यविधिको उद्देश्य विपरित कार्य गरेमा वा प्रचलित कानुन बमोजिम गर्न नहुने कार्य गरेमा गाउँपालिकाले जुनसुकै बखत त्यस्तो समति खारेज गर्न सक्नेछ।

**१३.बार्षिक प्रतिवेदन :**

समितिले आफूले बर्षभरीमा सम्पादन गरेको काम कारवाहीको वार्षिक प्रतिवेदन वडा कार्यालय र गाउँपालिकामा पेश गर्नुपर्ने छ ।

**१४.पुरुस्कृत गर्ने:**

उत्कृष्ट कार्य गरी नमुनाको रुपमा विकास हुने महिला विकास समितिलाई टोल विकास संस्था तथा वडा कार्यालयको सफिारिसमा गाउँपालिकाले उपयुक्त अवसरमा पुरस्कृत गर्न सक्नेछ ।

**१५.विविध :**

१.यस कार्यविधिमा उल्लेखित उद्देश्य बमोजिम काम गर्न नसक्ने समितिलाई सम्वन्धित वडाले विघटनगर्न सक्नेछ ।

२.यो कार्यविधि संघ,प्रदेश तथा माडी गाउँपालिकाले बनाएको कानूनसँग बाझिएमा बाझिएको हदसम्म बुँदाहरु स्वत: खारेज हुनेछन् ।

३. यो कार्यविभि कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा गाउँ कार्यपालिकाले निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

Scanned with CamScanner

## अनुसूची १(दफा १२ को उपदफा (ख)सँग सम्वन्धित)

## महिला विकास समितिलाई गाउँपालिकामा दर्ता गर्ने निवेदनको ढाँचा

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू ,
माडी गाउँपालिका
गाउँ कार्यपालिकाकोकार्यालय
घर्तिगाउँ रोल्पा ।

विषय : महिला विकास समिति दर्ता गरी पाउँ ।

महोदय,

प्रस्तुत विषयमा यस माडी गाउँपालिका वडा नं. ............को .............................टोल विकास संस्थामा गठन गरिएको तपसिल बमोजिम पदाधिकारीहरु रहेको ...........................महिला विकास समितिलाई यस गाउँपालिका कार्यालयमा दर्ता /सूचीकृत गरी प्रमाणपत्र उपलब्ध गराईदिनुहुन अनुरोध छ ।

**तपसिल**

| क्र.स | नाम थर | पद | नागरिकता नं. | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|
| १ | | अध्यक्ष | | | |
| २ | | उपाध्यक्ष | | | |
| ३ | | सचिव | | | |
| ४ | | कोषाध्यक्ष | | | |
| ५ | | सदस्य | | | |
| ६ | | सदस्य | | | |
| ७ | | सदस्य | | | |
| ८ | | सदस्य | | | |
| ९ | | सदस्य | | | |
| १० | | सदस्य | | | |
| ११ | | सदस्य | | | |

(नोटः महिला विकास समिति दर्ता गर्न आवश्यक कागजातहरु : भेलाको निर्णय वडाको सिफारिस, महिला विकास समितिको निवेदन )

निवेदक

अध्यक्षको नाम :

महिला विकास समितिको नाम

ठेगाना :

Scanned with CamScanner

# अनुसूची २

(दफा ८ को उपदफा (ग) सँग सम्वन्धित)

## महिला विकास समिति दर्ता प्रमाणपत्रको ढाँचा

माडी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
घर्तिगाउ रोल्पा ।

आ.व. ....................
दर्ता नं............................

मिति ..............................

प्रमाण पत्र

महिला विकास समितिहरुलाई सुव्यवस्थित गर्दै महिलाहरुको हित प्रवर्द्धन गर्ने ,महिला सशक्तिकरण गर्ने, विकास निर्माणमा सहभागिता गराउने ,सामाजिक विकृति, विसङ्गतिका विरुद्ध आवाज उठाउने तथा महिलालाई सक्रिय र जागरुक गराउने कार्यलाई टेवा पुऱ्याउने उद्देश्यले माडी गाउँपालिका वंडा नं .........स्थित ....................टोल विकास संस्थामा मिति ............................गठित श्री......................................मंहिला विकास समितिलाई यस कार्यालयको अभिलेखमा दर्ता गरी यो प्रमाणपत्र प्रदान गरिएको छ ।

........................................

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

## नवीकरण रेकर्ड

महिला विकास समितिको नाम :

ठेगाना :

| क्र.स | नविकरण गरेको मिति | दर्ता नं. | अवधि मिति | | प्रमाणित गर्ने पदाधिकारीको सही | कार्यालयको छाप | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | देखि | सम्म | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

Scanned with CamScanner